annapurnapost.com

अन्नपूर्ण

संविधान दिवस विशेष

वर्ष २५, अंक १४२, पृष्ठ १० | काठमाडौं, शनिबार ३ असोज २०८३

SATURDAY, SEPTEMBER 19, 2026 | मूल्य : रु. १०

संविधानका **११** वर्ष

संविधानको शल्यक्रिया



संविधान समीक्षा कि संशोधन ?

सुरेन्द्र काफ्ले | *काठमाडौं*

संविधान जारी भएको ११ वर्ष पुगिसक्दा पनि धारा २६५ बमोजिम हुनुपर्ने समीक्षा र पुनरावलोकनको काम थालनी भएको छैन। संविधानमा २ सय २१ ठाउँमा 'कानुनबमोजिम' भन्ने व्यवस्था भए पनि र विशेष समितिले ४० वटा तत्काल आवश्यक कानुन पहिचान गरे पनि संघीय निजामती सेवा ऐन, संघीय शिक्षा ऐनजस्ता धेरै महत्त्वपूर्ण कानुनहरू अझै बन्न सकेका छैनन्।

जुक्तिले जोगिएको संविधान

दिनेश गौतम | *काठमाडौं*

जेन-जीले प्रमुख एजेन्डाका रूपमा संसद् विघटनको माग गर्दा राष्ट्रपति पौडेल तयार भएनन्। संसद् विघटनका बारेका विभिन्न विकल्पहरूमा घण्टौं छलफल भए पनि राष्ट्रपति पौडेलले संसद् विघटन नगर्ने चट्टानी अडान लिइरहे।

समाचार पृष्ठ २

संविधान कार्यान्वयनको १०-१२ वर्षमा भूराजनीतिमा ठूलो फेरबदल आएको छ।

-वर्षमान पुन, नेकपा नेता

संविधान संशोधन र पुनरावलोकनका लागि १० वर्ष पर्खिनु पर्छ ? यो विवाह सादी हो, अहिले बिहे गर्ने उमेर पुगेको छैन भनेर।

-लक्ष्मणलाल कर्ण, संविधानसभा सदस्य

संविधान संशोधन कार्यदलमा ४४,६१३ वटा सुझाव आएको छ। जसले संविधानमा गाँठैगाँठा भएको स्पष्ट पारेको छ।

-मोहनलाल आचार्य, सांसद, रास्वपा

हामी साह्रै प्रगतिशील प्रक्रियामा छलाङ मारेर त गयौं तर मनस्थिति भने पुरानै ढर्रामा हिँड्नुबाहेक अरू सोच्नै सक्ने बनेनछ।

-राधेश्याम अधिकारी, संविधानसभा सदस्य

केन्द्रीय सरकारले सुरुदेखि नै प्रदेशलाई सकारात्मक दृष्टिकोणले हेरेर काम गरेको भए प्रदेशप्रति जनतामा अहिले देखिएको असन्तुष्टि यतिको मात्रामा देखिँदैनथ्यो।

-हिक्मतकुमार कार्की, मुख्यमन्त्री, कोशी

संघीयताका तीनवटा पिल्लरहरूमध्ये एउटा वित्तीय संघीयता हो। त्यो दिन नै चाहिरहेका छैनन्। स्थानीय सरकारले ८० देखि ८५ प्रतिशत काम गर्नुपर्छ।

-भीमप्रसाद ढुंगाना, अध्यक्ष, नगरपालिका संघ